# ५ बप्तिसमा र पवित्र आत्माले भरिनु

***यस अध्यायका मूल पदहरू:*** मर्कूस १:८, एफिसीहरूलाई ५:१८, प्रेरित १३:५२, लूका ११:८-१०, प्रेरित ५:३२, गलाती ५:१६-२६।

***यस अध्यायको कण्ठ गर्नुपर्ने मूल सार पद:*** "चोरले त चोर्न, मार्न र नाश गर्न आउँछ। तर मानिसहरूले जीवन पाओस् भनेर म आएँ। जतिसुकै सम्भव हुन्छ त्यतिसम्म भरिपूर्ण जीवन तिनीहरूमा होस् भन्ने म चाहन्छु।" (यूहन्ना १०:१० रूपान्तरित)।

येशूका भक्तहरू भएको हैशियतले हामी सबै जना पवित्र आत्माले भरिनुपर्छ। उहाँबिना हामीले गर्ने कुनै पनि वगाही शक्तिहिन हुन्छ। उहाँबिना हामीहरूको इसाई जीवन भारी हुन्छ। हामी सिक्षित हौंला, हामीमा अनेकौं प्रतिभाहरू होला र बोल्न सक्ने क्षमता पनि अत्यन्त उल्लेखनीय होला। तर हामीमा पवित्र आत्मा छैन भने परमेश्वरले चाहनुभएको जीवनको अनुभव हामी गर्न सक्दैनौं। त्यसको अर्थ हामीले मुक्ति पाउँछौं भनेर हामी विश्वस्त हुनसक्दैनौं। प्रेभ येशूलाई सेवा गरेर पाउन आनन्द हामीले अनुभव गर्न सक्दैनौं। (हामी केवल "जय मसीह" भनेर अभिभावदन गर्ने नाउँमात्रको इसाई हुनेछौं)। तर क्रिश्चियन वा इसाई भनेर नाउँ कहलाउँदैमा वास्तविक रूपमा येशूभक्त नै हुन्छ भन्ने छैन।

तर हामी प्रसस्तमात्रा जीवन जीयोस् भन्ने येशूको चाहना छ। हामी खुशी र अर्थपूर्ण जीवन जीएको उहाँ चाहनुहुन्छ। जुन जीवन हामीले बिताउनुपर्छ त्यो जीवन बिताओस् भन्ने जीवन उहाँ हामीलाई दिन चाहनुहुन्छ। हामीहरूको जीवन सबै जीवनको स्रोतमा जरा गाडियोस् भन्ने उहाँ चाहनुहुन्छ। त्यो स्रोत येशू ख्रीष्ट हुनुहुन्छ। उहाँले भन्नुभयो, "बाटो, सत्य र जीवन मै हुँ। परमेश्वर पिताकहाँ मद्वारा बाहेक कोही पनि आउँदैन।" (यूहन्ना १४:६ रूपान्तरित)। त्यसको अर्थ त्यस भरिपूर्ण वा अर्थपूर्ण जीवन बिताउन त्यसबेलामात्र सम्भव हुन्छ जब हामीहरूको जीवनका सबै पक्षहरूलाई येशूसँग जोड्न दियो भनेमात्र। र येशूसँग जोड्न त्यसबेला सम्भव हुन्छ जब हामीहरूको जीवनमा पवित्र आत्माले काम गर्नुहुन्छ।

बाइबलले बताएको अनुसार पवित्र आत्माको बप्तिस्मा पाउनु भनेको के हो भन्ने बिषयमा यस अध्याय केन्द्रित हुनेछ। पवित्र आत्माबाट भरिनु भनेको के हो भनेर हामी सिक्नेछौं। यदि येशूलाई हामीले विश्वास गर्छौं र उहाँको इच्छा अनुसार हामी चल्छौं भने हामी पवित्र आत्माले भरिएका छौं भन्ने केही प्रमाणहरू पनि हामी हेर्नेछौं।

## १. पवित्र आत्माको बप्तिस्मा (मर्कूस १:८)

बप्तिस्मा दिने यूहन्नाले जनसमूहलाई भनेका थिए, "मैले तिमीहरूलाई पानीले बप्तिस्मा दिएको छु, तर उहाँले तिमीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ। मर्कूस १:८। यस पदलाई मध्यनजरमा राखेर देहायका केही पदरू पढ्नुहोस्। पवित्र आत्माले येशूभक्तहरूलाई बप्तिस्मा दिनु बाहेक उहाँले अरू के महत्त्वपूर्ण काम गर्नुहुन्छ सो हेर्नुहोस्: मत्तफ ३:११ "११ “मचाहिँ त तिमीहरूलाई पश्चात्तापको लागि पानीले बप्तिस्मा दिन्छु, तर मपछि आउनुहुने मभन्दा अझ शक्तिशाली हुनुहुन्छ, जसका जुत्ता बोक्ने योग्यको म छैनँ। उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ।", लूका ३:१६ "तब यूहन्नाले ती सबैलाई जवाफ दिए, “म तिमीहरूलाई पानीले बप्तिस्मा दिन्छु, तर एक जना मभन्दा शक्तिशाली आउँदैहुनुहुन्छ, जसका जुत्ताको फित्ता खोल्ने लायकको म छैनँ। उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ।", यूहन्ना १:३२-३४ "३२ यूहन्नाले यसो भन्दै गवाही दिए, “मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट ओर्लेर आई उहाँमाथि बस्नुभएको देखें। ३३ मैले उहाँलाई चिनेको थिइनँ, तर जसले मलाई पानीले बप्तिस्मा दिनू भनी पठाउनुभयो, उहाँले नै मलाई भन्नुभयो, ‘जसमाथि तिमी पवित्र आत्मालाई ओर्लँदै र बस्दैगर्नुभएको देख्छौ, पवित्र आत्माले बप्तिस्मा दिनुहुने उहाँ नै हुनुहुन्छ।’ ३४ मैले देखेको छु, र गवाही दिएको छु, कि परमेश्वरका पुत्र उहाँ नै हुनुहुन्छ।”, प्रेरित १:४, ५ " तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले (येशूले) तिनीहरूलाई यस्तो आदेश दिनुभयो, “तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ।” ५ किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।” र प्रेरित ११:१५, १६ "१५ “जब मैले (पत्रुत्र) बोल्न थालें, तब सुरुमा हामीमाथि ओर्लनुभएकोजस्तै पवित्र आत्मा तिनीहरूमाथि पनि

ओर्लनुभयो। १६ तब प्रभुले भन्नुभएको त्यो वचन मलाई याद भयो, 'यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।'

नयाँ करारमा केवल सातवटामात्र पदहरू छन् जसले पवित्र आत्माद्वारा बप्तिस्मा दिने कुराको चर्चा गरिएको छ। चारवटा पदहरूले बप्तिस्मा दिने यूहन्ना र पेन्टिकोस्टलाई औंल्याइका छन्। पेन्टिकोस्टको समयमा येशू ख्रीष्टले उहाँका चेलाहरूलाई पवित्र आत्मा दिनुभएको थियो। त्यस बरदानले मुक्तिको इतिहासका अन्तिम दिनहरू सुरू भएको देखाउँछ।

सुसमाचारका चारैवटा पुस्तकहरूले पवित्र आत्माको बप्तिस्माको बारेमा चर्चा गर्छन्। तर मत्ती, मर्कूस र लूकाका पुस्तकहरूभन्दा यूहन्नाको पुस्तकमा पवित्र आत्माको बप्तिस्माको बारेमा केही फरक तरिकाले उल्लेख गरिएको छ। पवित्र आत्माको बप्तिस्मा भविष्यमा हुने भनेर यूहन्नाले भनेका छैनन्। बरू पवित्र आत्माको बप्तिस्मा भनेको निरन्तररूपमा अनुभव गर्ने प्रक्रिया हो भनेर युहन्नाले उल्लेख गर्दछन्। विश्वासीको जीवनमा पवित्र आत्माको बप्तिस्माले उसलाई निरन्तरूपमा शक्ति दिइरहेको हुन्छ (यूहन्ना १:३३)।

यूहन्ना १:३३ भन्दा अघि यूहन्ना १:२९मा येशूको अत्यन्त महत्त्वपूर्ण कामको बारेमा उल्लेख गरिएको छ। त्यो हो उहाँले हामीहरूको पाप उठाई लानुहुने काम। अनि पछिका पदहरूमा येशूले हामीहरूलाई पवित्र आत्मा दिनुहुने काम यूहन्नाले उल्लेख गर्दछन्। ती दुवै काम प्रेरित २:३८मा पत्रुसले दिएको प्रतिज्ञामा उल्लेख गरिएको छः "पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ।" येशूका चेलाहरूका आँखाहरू ख्रीष्टतिर खोलिएका थिए। तब पापको क्षमा र विश्वासीहरूको जीवनमा पवित्र आत्माको आगमनको बारेमा विश्वस्त हुन्छन्। रोमी सिपाहीँको हाकिम कर्नेलियसको घरमा विश्वासीहरू जम्मा हुँदा त्यही अनुभव तिनीहरूले गरेका थिए भने प्रेरित १०:४३,४४मा उल्लेख गरिएको छ। पछि यरुशलेमको चर्चमा जम्मा भएका यहूदी इसाई अगुवाहरूलाई कसरी अन्यजातिले पनि यहूदी इसाईहरूसरह मुक्ति पाए र पवित्र आत्माको आगमनमा सहभागी भए भनेर स्पष्टिकरण दिएका थिए (प्रेरित ११:१६)। कर्नेनियस र उनको घरमा जम्मा भएका सबै मानिसहरूमा पवित्र आत्मा खनिनुभएको थियो भनेर उनले भन्दछन्। त्यसकारण तिनीहरूले पानीको बप्तिस्मा लिनबाट कसैले

पनि रोक्न सक्दैन भनेर पत्रुसले जिकिर गर्दछन्। पानीको बप्तिस्मा भनेको पश्चातापको बप्तिस्मा अर्थात् पापबाट फर्केर सत्य जीवन बिताउने प्रतिज्ञाको प्रमाण हो (प्रेरित २:२८-३९)। के हामीले पवित्र आत्मा पाउन चाहना गर्छौं? तब हामी पापबाट फर्कनुपर्छ। र हामी येशूको नाउँमा बप्तिस्मा लिनुपर्छ।

नयाँ करारमा पवित्र आत्माको पाउने र पानीको बप्तिस्मा सँगसँगै जान्छ। दुवैले हामीहरूको नयाँ जन्मलाई औंल्याउँछन्। यो किनभने बप्तिस्मामा हामी येशू ख्रीष्टको हुन्छौं। येशूले हामीलाई पवित्र आत्मा दिनुहुन्छ त? हामीहरू उहाँको शक्तिमा चलौं भनेर हो। र अरू मानिसहरूलाई सुसमाचार बाँड्न सकौं भनेर पनि हो। येशूले हामीहरूको पाप मेटाउनुहुन्छ भन्ने शन्देश सुसमाचार हो।

सबै येशूभक्तहरू पवित्र आत्मामा सहभागी हुन अपेक्षा गरिएको छ। जतिजना पवित्र आत्माद्वारा बप्तिस्मा पाएका छन् तिनीहरू विश्वासीहरूको एक शरीर वा चर्च हुन जान्छ भनेर पावलले १ कोरन्थी १२:१३मा भन्दछन्। येशूलाई विश्वास गर्छु भन्ने सबै अनुयायीहरू हृदयमा र दिमागमा एक हुनु कतिको महत्त्वपूर्ण छ भनेर उनले चर्चा गर्छन्। "सबैजना" भन्ने शब्द अत्यन्त महत्त्वपूर्ण छ। सबै विश्वासीहरू पवित्र आत्माको बप्तिस्माको कारण येशूमा एक हुनु पर्छ भनेर पावलको जिकिर छ।

पवित्र आत्माबाट बप्तिस्मा लिनु भन्ने कुरामा तपाईंको आफ्नै अनुभव के छ? पवित्र आत्माको अगुवाईमा चल्नु तपाईंको निम्ति कतिको अर्थपूर्ण छ? पवित्र आत्माले तपाईंको जीवनमा काम गर्नुभएन भने तपाईंको जीवन कस्तो होला?

## २. पवित्र आत्माले भरिपूर हुनु (एफिसी ५:१८)

पवित्र आत्माले भरिनुको अर्थ के हो? हामीहरूको जीवनमा कसरी पवित्र आत्मालाई भर्न दिने अर्थात् पवित्र आत्माको पकडमा हामी रहन हामीले के गर्नुपर्छ? देहायका पदहरू हेर्नुहोस्: एफिसी ५:१८ "दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ।", प्रेरित १३:५२ "चेलाहरू आनन्द र पवित्र आत्माले परिपूर्ण भए।" र रोमी ८:९ "यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरू पापमय स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौ। तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन।"

**प्रथमतः** हामी बप्तिस्मा लिएर ख्रीष्टको अधिनमा हुनुपर्छ। अनि हामी पवित्र आत्माको शक्तिमा हामीहरूको जीवनलाई परिचालन गर्नुपर्छ। पवित्र आत्मा जीउनु भनेकै उहाँको आत्माले भरिनु हो। नयाँ करारमा धेरै पदहरू छन् जसले ती मानिसहरूको बारेमा भन्दछन् जो पवित्र आत्माले भरिएका थिए (लूका १:४१,६७, प्रेरित २:४, प्रेरित ४:८,३१, प्रेरित ९:१७, प्रेरित १३:९)। प्रेरित पावलको अनुसार पवित्र आत्माले भरिएको मानिस त्यो हो जो आफ्नो जीवन पूर्ण रूपमा परमेश्वरलाई सुम्पिएको हुन्छ। त्यस व्यक्ति पवित्र आत्माको अगुवाईमा चल्न आफूलाई उपलब्ध गराएको हुन्छ। परमेश्वरको आफ्नै काम अब त्यस व्यक्तिको जीवनमा गर्नु हुन्छ।

पवित्र आत्माले भरिनु भनेको के हो त? त्यसको अर्थ हामीहरूको जीवनको सम्पूर्ण पक्षहरूलाई उहाँमा सुम्पनु हो र तिनीहरूलाई उहाँको इच्छा अनुसार परिवर्तन गर्न उहाँमै छोड्नु हो। अनि हामीहरूको हिँडाई, हामीहरूको बोलिचालि र सोचबिचारले येशूलाई देखाउँदछ।

हामी त्यसबेला पवित्र आत्मा पाउँछौं जब हामी येशूको बारेमा सुनेर उहाँलाई विश्वास गर्छौं (गलाती ३:१४)। अनि बप्तिस्माको समयमा (तितस ३:५,६) विश्वासद्वारा हामीले पवित्र आत्मा पाउँछौं (गलाती ३:१४)। तर दिनदिनै पवित्र आत्माले भर्न हाम्रो प्रयास जारि गर्नु जरुरी छ। गत वर्षमा वा गत महिनामा र हिजो पनि हामीले अनुभव गरेको शक्तिशाली अनुभवको आधारमा आज हामी जीउन सक्दैनौं। प्रत्येक दिन परमेश्वरको आत्माले हामी भरिनुपर्छ। किन त? किनभने प्रत्येक दिन वा प्रत्येक क्षण हामीहरूको जीवनमा नयाँ नयाँ परिक्षा र दुःखकष्टहरू आउँछन्।

प्रेरित १३:५२मा ग्रीक भाषामा अनुवाद गरिएको "भरिनु"को अर्थ "सबै समयमा भरिएको" भन्ने अर्थ जनाउँछ। त्यसको अर्थ पवित्र आत्माले भरिनु भनेको जीवनमा केवल एक पल्टमात्र अनुभव गरेर जोशले भरिनु होइन। पवित्र आत्माले भरिने प्रक्रिया हामीले दिनदिनै खोज्नुपर्छ र पाउनुपर्छ। त्यसको अर्थ पवित्र आत्माले भरिनु भनेको निरन्तररूपमा दोहोऱ्याइरहनुपर्छ। अनि हामीहरूको जीवनको सबै भागहरूमा उहाँको उपस्थितिले भर्दछ। र हामीले कस्तो जीवन बिताउनुपर्छ सो बिताउन हामीलाई परमेश्वरले शक्ति, क्षमता वा बल दिनुहुन्छ।

पवित्र आत्माले भरिनुको अर्थ यो होइन कि उहाँको धेरै शक्तिलाई हामीले अङ्गाल्नु वा हामीहरूले पवित्र आत्मालाई चलाउनु। तर हामीमा भएको

जीवनका पक्षहरूलाई अझ धेरै उहाँले सम्हाल्न दिनु हो। हामीहरूको जीवनको प्रत्येक पक्षलाई दिनदिनै उहाँलाई सुम्पनु पर्छ। अनिमात्र परमेश्वरको महिमाको निम्ति उहाँले हामीलाई प्रयोग गर्न सक्नुहुन्छ।

"जसको हृदयमा विश्वासद्वारा येशू रहनुहुन्छ त्यसले पवित्र आत्मा पाएको हुन्छ भन्ने कुरामा तपाईंहरूलाई बुझाउन सहायता गर्न चाहन्छु। प्रत्येक व्यक्ति जसले येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गर्छ उसले पवित्र आत्मा पाइसकेको हुन्छ। प्रत्येक विश्वासीलाई पवित्र आत्माले अगुवाई गर्नुहुन्छ। उहाँले त्यस व्यक्तिलाई पवित्र वा सन्त बनाउनुहुन्छ। अनि पवित्र आत्माले नै उसको जीवनमा परमेश्वरको बारेमा साक्षी दिनुहुन्छ।"-एलेन जी ह्वाइट, *मानुस्क्रिप्ट रिलिजेज्, ठेली* १४, पृ. ७१बाट रूपान्तरित।

## ३. पवित्र आत्मा पाउन हामीले के आवश्यकता पूरा गर्नुपर्छ?ः भाग १ (प्रेरित २ः३७,३८)

पवित्र आत्मा पाउन परमेश्वरको वचनमा लेखिएका आवश्यकताहरू मात्र किन जरुरी छ? हेर्नुहोस् प्रेरित ५ः३२ "हामी यसको साक्षी छौं र परमेश्वरले आफ्ना आज्ञापालन गर्नेहरूलाई दिनुभएको पवित्र आत्माले पनि साक्षी दिँदै हुनुहुन्छ।"

चाहे प्रेरितहरूको समयमा होस् वा आज होस्, पवित्र आत्मा ती सबैलाई दिइएको छ जसले परमेश्वरका आज्ञाहरू पालन गर्छन्। प्रेम र आज्ञा पालन वा वचनको पालन गर्नु हातेमालो गरेर अघि बढ्छ भनेर बाइबलले देखाउँछ। सत्य आस्था वा परमेश्वरमाथि विश्वासले परमेश्वरको वचनलाई शिरोपर गरेर चलेको देखाउँछ। हामीहरूको सारा हृदयले परमेश्वरमाथि विश्वास गर्नुपर्छ। त्यही विश्वास र परमेश्वरमाथि भरपर्ने आधारमा हामी उहाँका आज्ञाहरू पालन गर्छौं। येशू आफैले भन्नुभयो, "जसले मलाई प्रेम गर्छ उसले मेरा शिक्षाहरूलाई पालन गर्छ" (यूहन्ना १४ः२३ रूपान्तरित)।

परमेश्वरको वचन पालन गर्नु वा आज्ञा पालन गर्नु भनेको करकापमा नभएर प्रत्येक मानिसले आफ्नो स्वविवेक प्रयोग गरेर निर्णयमा चल्नु हो। यदि कोही परमेश्वरको चाहना अनुसार चल्यो भने उसले उहाँको इच्छा अनुसारको जीवनशैलीमा हिंड्छन्। परमेश्वरको वचनलाई मानेर चल्दा हामीहरूको मुक्तिदाता येशू हुनुहुन्छ भनेर स्वीकार्न सहयोग मिल्छ (लूका ६ः४६)। १ यूहन्ना २ः४,५मा हामी यसरी पढ्छौं, "कसैले भन्छन् रे, "मैले परमेश्वरलाई

चिनेको छु।" तर त्यस मानिसले परमेश्वरको निर्देशन पालन गर्दैन रे। तब त्यो मानिस फताहा हो र उसले सत्य कुरा भनिरहेको छैन। यदि कसैले परमेश्वरको वचनलाई पालन गर्छ तब त्यो मानिसले परमेश्वरलाई प्रेम गरेको प्रमाणित गर्छ। यी कुरैको आधारमा हामी परमेश्वरमा छौं भनेर देखाउँछ।" (रूपान्तरित)। यी शब्दहरू अत्यन्त कडा छन्। यूहन्नाबाट हामीलाई यो पनि जानकारी दिएको छ, "जो मानिस परमेश्वरका आज्ञाहरू पालन गर्छ त्यो मानिस परमेश्वरसँग गाँसिएर बसेको हुन्छ। अनि परमेश्वरपनि ऊसँग गाँसिएर बसेको हुन्छ। यसरी नै परमेश्वर हामीमा छ भनेर देखाउँदछ। त्यो हामीलाई थाहा छ किनभने परमेश्वरले हामीलाई दिनुभएको पवित्र आत्माद्वारा हामीलाई जानकारी दिएको छ।" (१ यूहन्ना ३:२४ रूपान्तरित)। त्यसकारण जसजसले परमेश्वरले दिनुभएको निर्देशन पालन गर्छ तब तिनीहरूको दिमागमा शान्तिले राज गरेको हुन्छ।

यहूदा १७-२१ले किन भन्दछ कि हामीहरू नराम्रो सोच र नराम्रो व्यवहारबाट अलग बस्नुपर्छ? कसरी हामीहरूका हृदय अर्थात् मनहरू वा नियतहरू र सोचबिचारहरूलाई शुद्ध राखे पवित्र आत्मा हामीहरूमा भर्न सहयोग हुन्छ? हेर्नुहोस्, "१७ तर प्रियहरू, हाम्रा प्रभु येशू ख्रीष्टका प्रेरितहरूले अघि नै भनेका कुराहरूलाई नबिर्स। १८ तिनीहरूले भनेका थिए, आखिरी समयमा ठट्टा गर्नेहरू हुनेछन्। उनीहरू परमेश्वर नमानी आफ्नै इच्छाहरूमा लाग्छन्। १९ तिमीहरूलाई फाटोमा ल्याउने मानिसहरू यी नै हुन्। तिनीहरू संसारकै विचारमा रहन्छन्, तर तिनीहरूमा पवित्र आत्मा हुनुहुन्न। २० तर प्रियहरू, तिमीहरूचाहिँ पवित्र विश्वासमा बलियो भएर बढ्दै जाओ। पवित्र आत्माको शक्तिमा रहेर प्रार्थना गर। २१ प्रभु येशू ख्रीष्टले अनुग्रह दिनुहुने अनन्त जीवन पर्खंदा परमेश्वरको प्रेममा लागिरहो।"

जब हामी सांसारिक चालचलनमा चल्छौं वा चल्न मनपराउँछौं तब हामीहरूको जीवनमा पवित्र आत्माको आगो बलिरहन सक्दैन। त्यसकारण हामीहरूमा परमेश्वरको प्रेमले भरिनुपर्छ। प्रार्थनाद्वारा हामी परमेश्वरसँग सम्बन्ध राखीछोड्नुपर्छ। यदि त्यसो गरेमा प्रार्थना र परमेश्‍वरको प्रेमले अशुद्ध, फोहरी, असभ्य तथा अशिष्ट सोच र व्यवहारबाट हामी सुरक्षित हुनसक्छौं। यदि हामीमा प्रार्थना र परमेश्वरको प्रेम छ भनेर हामीमा पवित्र आत्माको शक्ति, प्रेम र अनुशासन हुन सहयोग हुन्छ (२ तिमोथी १:६,७)। हामीहरूको आफ्नो स्वार्थी भावनसँग घनघोर संघर्ष गर्नुपर्छ। अनिमात्र हामी

कस्तो खालको मानिस हुनुपर्छ सो हुन सक्दछौं। तर हामी आफैले आफूसँग लड्न सक्दैनौं। हामीहरूलाई परमेश्वरको सहायताको खाँचो छ। हामीहरूले दुई कुरा रोज्न सक्छौं: हामीहरूका हृदय र दिमाग अर्थात सोचबिचारहरू पवित्र आत्मालाई सुम्पने कि हामीहरूको शारीरिक पापपूर्ण चाहना वा महत्त्वाकाँक्षाहरूले हामीमाथि शासन गर्न दिने?

"आफूलाई पन्छाएर चल्ने मानिस कतिको उपयोगी हुन्छ त्यसको सिमाना हुँदैन। त्यस व्यक्तिले उसको हृदयमा पवित्र आत्मालाई काम गर्न दिएको हुन्छ। त्यो मानिसले यस्तो जीवन बिताउँछ कि ऊ पूरा रूपमा परमेश्वरको हो भनेर देखाउँछ।"-एलेन जी ह्वाइट, द *डिजाएर अभ एजेज्,* पृ. २५०,२५१बाट रूपान्तरित। तपाईंको आत्मिक जीवनमा ती वचनहरू अनुसार कसरी जीउनुहुन्छ?

## ४ पवित्र आत्मा पाउन हामीले के आवश्यकता पूरा गर्नुपर्छ? भाग २ (प्रेरित ५:३२)

पवित्र आत्मा पाउन परमेश्वरको वचनमा लेखिएका आवश्यकताहरू मात्र किन जरुरी छ? हेर्नुहोस् प्रेरित ५:३२ "हामी यसको साक्षी छौं र परमेश्वरले आफ्ना आज्ञापालन गर्नेहरूलाई दिनुभएको पवित्र आत्माले पनि साक्षी दिँदै हुनुहुन्छ।"

चाहे प्रेरितहरूको समयमा होस् वा आज होस्, पवित्र आत्मा ती सबैलाई दिइएको छ जसले परमेश्वरका आज्ञाहरू पालन गर्छन्। प्रेम र आज्ञा पालन वा वचनको पालन गर्नु हातेमालो गरेर अघि बढ्छ भनेर बाइबलले देखाउँछ। सत्य आस्था वा परमेश्वरमाथि विश्वासले परमेश्वरको वचनलाई शिरोपर गरेर चलेको देखाउँछ। हामीहरूको सारा हृदयले परमेश्वरमाथि विश्वास गर्नुपर्छ। त्यही विश्वास र परमेश्वरमाथि भरपर्ने आधारमा हामी उहाँका आज्ञाहरू पालन गर्छौं। येशू आफैले भन्नुभयो, "जसले मलाई प्रेम गर्छ उसले मेरा शिक्षाहरूलाई पालन गर्छ" (यूहन्ना १४:२३ रूपान्तरित)।

परमेश्वरको वचन पालन गर्नु वा आज्ञा पालन गर्नु भनेको करकापमा नभएर प्रत्येक मानिसले आफ्नो स्वविवेक प्रयोग गरेर निर्णयमा चल्नु हो। यदि कोही परमेश्वरको चाहना अनुसार चल्यो भने उसले उहाँको इच्छा अनुसारको जीवनशैलीमा हिँड्छन्। परमेश्वरको वचनलाई मानेर चल्दा हामीहरूको मुक्तिदाता येशू हुनुहुन्छ भनेर स्वीकार्न सहयोग मिल्छ (लूका ६:४६)। १

यूहन्ना २:४,५मा हामी यसरी पढ्छौं, "कसैले भन्छन् रे, "मैले परमेश्वरलाई चिनेको छु।" तर त्यस मानिसले परमेश्वरको निर्देशन पालन गर्दैन रे। तब त्यो मानिस फताहा हो र उसले सत्य कुरा भनिरहेको छैन। यदि कसैले परमेश्वरको वचनलाई पालन गर्छ तब त्यो मानिसले परमेश्वरलाई प्रेम गरेको प्रमाणित गर्छ। यी कुरैको आधारमा हामी परमेश्वरमा छौं भनेर देखाउँछ।" (रूपान्तरित)। यी शब्दहरू अत्यन्त कडा छन्। यूहन्नाबाट हामीलाई यो पनि जानकारी दिएको छ, "जो मानिस परमेश्वरका आज्ञाहरू पालन गर्छ त्यो मानिस परमेश्वरसँग गाँसिएर बसेको हुन्छ। अनि परमेश्वरपनि ऊसँग गाँसिएर बसेको हुन्छ। यसरी नै परमेश्वर हामीमा छ भनेर देखाउँदछ। त्यो हामीलाई थाहा छ किनभने परमेश्वरले हामीलाई दिनुभएको पवित्र आत्माद्वारा हामीलाई जानकारी दिएको छ।" (१ यूहन्ना ३:२४ रूपान्तरित)। त्यसकारण जसजसले परमेश्वरले दिनुभएको निर्देशन पालन गर्छ तब तिनीहरूको दिमागमा शान्तिले राज गरेको हुन्छ।

यहूदा १७-२१ले किन भन्दछ कि हामीहरू नराम्रो सोच र नराम्रो व्यवहारबाट अलग बस्नुपर्छ? कसरी हामीहरूका हृदय अर्थात् मनहरू वा नियतहरू र सोचबिचारहरूलाई शुद्ध राखे पवित्र आत्मा हामीहरूमा भर्न सहयोग हुन्छ? हेर्नुहोस्, "१७ तर प्रियहरू, हाम्रा प्रभु येशू ख्रीष्टका प्रेरितहरूले अघि नै भनेका कुराहरूलाई नबिर्स। १८ तिनीहरूले भनेका थिए, आखिरी समयमा ठट्टा गर्नेहरू हुनेछन्। उनीहरू परमेश्वर नमानी आफ्नै इच्छाहरूमा लाग्छन्। १९ तिमीहरूलाई फाटोमा ल्याउने मानिसहरू यी नै हुन्। तिनीहरू संसारकै विचारमा रहन्छन्, तर तिनीहरूमा पवित्र आत्मा हुनुहुन्न। २० तर प्रियहरू, तिमीहरूचाहिँ पवित्र विश्वासमा बलियो भएर बढ्दै जाओ। पवित्र आत्माको शक्तिमा रहेर प्रार्थना गर। २१ प्रभु येशू ख्रीष्टले अनुग्रह दिनुहुने अनन्त जीवन पर्खंदा परमेश्वरको प्रेममा लागिरहो।"

जब हामी सांसारिक चालचलनमा चल्छौं वा चल्न मनपराउँछौं तब हामीहरूको जीवनमा पवित्र आत्माको आगो बलिरहन सक्दैन। त्यसकारण हामीहरूमा परमेश्वरको प्रेमले भरिनुपर्छ। प्रार्थनाद्वारा हामी परमेश्वरसँग सम्बन्ध राखीछोड्नुपर्छ। यदि त्यसो गरेमा प्रार्थना र परमेश्वरको प्रेमले अशुद्ध, फोहरी, असभ्य तथा अशिष्ट सोच र व्यवहारबाट हामी सुरक्षित हुनसक्छौं। यदि हामीमा प्रार्थना र परमेश्वरको प्रेम छ भनेर हामीमा पवित्र आत्माको शक्ति, प्रेम र अनुशासन हुन सहयोग हुन्छ (२ तिमोथी १:६,७)।

हामीहरूको आफ्नो स्वार्थी भावनसँग घनघोर संघर्ष गर्नुपर्छ। अनिमात्र हामी कस्तो खालको मानिस हुनुपर्छ सो हुन सक्दछौं। तर हामी आफैले आफूसँग लड्न सक्दैनौं। हामीहरूलाई परमेश्वरको सहायताको खाँचो छ। हामीहरूले दुई कुरा रोज्न सक्छौंः हामीहरूका हृदय र दिमाग अर्थात सोचबिचारहरू पवित्र आत्मालाई सुम्पने कि हामीहरूको शारीरिक पापपूर्ण चाहना वा महत्त्वाकाँक्षाहरूले हामीमाथि शासन गर्न दिने?

"आफूलाई पन्छाएर चल्ने मानिस कतिको उपयोगी हुन्छ त्यसको सिमाना हुँदैन। त्यस व्यक्तिले उसको हृदयमा पवित्र आत्मालाई काम गर्न दिएको हुन्छ। त्यो मानिसले यस्तो जीवन बिताउँछ कि ऊ पूरा रूपमा परमेश्वरको हो भनेर देखाउँछ।"-एलेन जी ह्वाइट, द *डिजाएर अभ एजेज्,* पृ. २५०,२५१बाट रूपान्तरित। तपाईंको आत्मिक जीवनमा ती वचनहरू अनुसार कसरी जीउनुहुन्छ?

## ५. आफ्नो स्वार्थको निम्तिमात्र जीउनु र ख्रीष्टको निम्ति जीउनुमा भिन्नता (गलाती ५:१६-२६)

गलाती ५:१६-२६सँग एफिसी ५:१-९, १७-२०को तुलना गर्नुहोस्। अनि सांसारिक जीवनको निम्ति आफ्नो स्वार्थ पूरा गरि जीइरहने र पवित्र आत्माले भरिएर जीवन बिताइरहनेको बीचमा के भिन्नता छ, सो को सूची बनाउनुहोस्। गलाती ५:१६-२६ "१६ यसैले म भन्दछु, पवित्र आत्माले भनेअनुसार हिंड र आफ्नो शारीरिक स्वभावको इच्छा पूरा गर्नेछैनौ १७ किनभने शारीरिक स्वभावको इच्छा आत्माको अनि आत्माको इच्छाले शारीरिक स्वभावको विरोध गर्दछ। यी दुवै एक-अर्काका शत्रु हुन् र तिमीहरूले गर्न खोजेका कुरा हुन पाउँदैन। १८ तर तिमीहरू आत्माले भनेझैं हिंड्छौ भने तिमीहरू व्यवस्थाका अधीनमा छैनौ। १९ शारीरिक स्वभावका कामहरू यिनै हुन्– व्यभिचार गर्नु, अशुद्ध सोच-विचार गर्नु, छाडा हुनु, २० मूर्ति पुज्नु, जादू-टुना गर्नु, दुश्मनी गर्नु, झगडा गर्नु, ईर्ष्या गर्नु, रिस गर्नु, आफ्नो मात्रै भलो खोज्नु, फाटो ल्याउनु, गुटबन्दी गर्नु, २१ डाहा गर्नु, मात्नु, मोज-मज्जा गर्नु र यस्तै यस्तै अरू काम गर्नु। त्यस्ता कामहरू गर्ने परमेश्वरको राज्यका हकदार हुन पाउनेछैनन् भनी मैले पहिले पनि चेतावनी दिएँ र अहिले पनि दिंदै छु। २२ पवित्र आत्माका फलचाहिँ यी हुन्– प्रेम गर्नु, आनन्दित हुनु, मेलमिलाप गर्नु, मन थाम्नु, दया गर्नु र भलाइ गर्नु, २३ भरपर्दो हुनु र नम्र हुनु, आफूलाई

वशमा राख्नु, यिनीहरूको विरोधमा कुनै नियम छैन। २४ ख्रीष्ट येशूको मानिसले आफ्नो इच्छा र माया मोह क्रूसमा आफ्नो शारीरिक स्वभावसँगै मारेको हुन्छ। २५ यदि हामी पवित्र आत्माले जिउँछौं भने उहाँले भनेअनुसार चल्नुपर्छ। २६ हामीले एक-अर्कासँग घमण्ड गर्ने, रिस उठाउने र डाहा गर्ने काम गर्नुहुँदैन।" एफिसी ५:१-९, १७-२० "१ तिमीहरू परमेश्वरका प्यारा सन्तान भएकोले उहाँजस्तै हुन खोज। २ ख्रीष्टले हामीलाई प्रेम गर्नुभएर मीठो बास्ना आउने धूप र बलिझैं आफैंलाई परमेश्वरकहाँ चढाउनुभयो। त्यसै गरी तिमीहरूको जीवन पनि प्रेमको अधीनमा होस्। ३ ख्रीष्टका पवित्र जनहरू भएकोले तिमीहरूको माझमा व्यभिचार, लोभ, लालच र सबै किसिमका अशुद्ध कुराको नाउँ पनि उठ्नुहुँदैन। ४ अश्लील, मूर्ख र खराब वचनहरू तिमीहरूको मुखमा सुहाउँदैन। तर तिमीहरूले त परमेश्वरलाई धन्यवाद दिइरहनुपर्छ। ५ तिमीहरूलाई थाहा हुनैपर्छ व्यभिचार गर्ने अशुद्ध र लोभीले परमेश्वर र ख्रीष्टको राज्यमा हकै पाउनेछैन। लोभ गर्नुचाहिँ मूर्तिपूजा गर्नुजस्तै पाप हो। ६ कसैले छली कुरा गरेर तिमीलाई छक्याउन नपाओस्। यस्तै कुराले गर्दा अट्टेरीहरूमा परमेश्वरको रिस खनिन्छ। ७ त्यसो हुँदा यस्ता मानिसहरूको सङ्गतै नगर। ८ पहिले तिमीहरू नै अन्धकारमा थियौ तर अब प्रभुका जन बनेर तिमीहरू उज्यालोमा छौ। यसकारण तिमीहरू उज्यालोको योग्य मानिसजस्तै जिउने गर ९ किनभने उज्यालोको फलचाहिँ सबै किसिमको भलाइ, न्याय र सत्य हो। १० प्रभुलाई मनपर्ने कुरो के हो, बुझ। ११ अन्धकारका बेकामे कुराहरूसँग तिमीहरूको कुनै सरोकारै नहोस्। तर त्यो काम नराम्रो हो भनेर देखाइदेओ।...१७ त्यसकारण मूर्ख नबन तर प्रभुले तिमीबाट के आशा राख्नुहुन्छ, सो पत्तो लगाओ। १८ मद्यको नशामा बाँचेर जीवन नष्ट नगर तर पवित्र आत्माले भरिपूर होओ। १९ एक-अर्कासँग स्तुति, भजन र पवित्र आत्माले दिएका गीत गाउने गर र प्रभुलाई आफ्नो हृदयका मीठा गीतहरूले स्तुति गर। २० हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा परमेश्वर पितालाई सबै कुरामा सधैं धन्यवाद दिने गर।"

यथार्थमा जो मानिस परमेश्वरको आत्माको अगुवाई वा उहाँको इच्छामा चल्दैन त्यो मानिस पवित्र आत्माले भरिएर चलेको मानिस भन्दा धेरै फरक जीवन शैली अपनाएर चलेको हुन्छ।

| स्वार्थी मानिस | पवित्र आत्माले भरिएको मानिस |
| --- | --- |
| पापको बाटोमा हिँडेर परमेश्वरलाई नरमाइलो लाग्ने जीवन शैली अपनाउँछ | आत्मिकी र परमेश्वरलाई मनपर्ने जीवन शैली यापन गर्छ |
| शारीरिक तथा पापी चाहनाको नियन्त्रणमा हुन्छ | पवित्र आत्माको नियन्त्रणमा चल्छ |
| आफूले पाएको आत्मनिर्णय वा स्वतन्त्रता बुद्धिमता पूर्वक प्रयोग गर्दैन र पापको दास हुन मनपराउँछ | पापबाट स्वतन्त्र भएर येशू ख्रीष्टको नीतिमा हिँडेर स्वतन्त्र जीवन बिताउन बोलाइएको हुन्छ |
| परमेश्वरको योजना वा चाहनालाई ठुक्राएर चल्छ | परमेश्वरको चाहना र योजनामुताविक चल्न राजी हुन्छ |
| स्वार्थी र आफ्नो भाऊ मात्र खोज्छ | निश्वार्थी र अरूको भाऊ खोजेर चल्छ |
| जीवनशैलीबाट नै पापको स्वभाव वा फलहरू देखाएर चल्छ | पवित्र आत्माको फल वा स्वभावहरू जीवनशैलीबाट देखाउँछ |
| पापी जीवनबाट क्षमा पाउनुपर्छ भन्ने आवश्यकतालाई देख्दैन र आफू ठिकै छु भनेर अट्टेरी वा घमण्डी भएर चल्छ | नम्र भएर आफूलाई क्षमाको आवश्यकताको महसुस गर्छ र येशूले जे गर्नुभयो त्यसको निम्ति उहाँको जय गाउँछ |

जो मानिस परमेश्वरको आत्माले भरिएर चल्छ त्यो मानिस परमेश्वरको आज्ञा वा व्यवस्थालाई पालन गर्न उत्सुक हुन्छ। त्यस व्यक्तिले शिष्ट र भद्र भएर अरूलाई प्रेमको कोमल आत्मा देखाउँछ (२ कोरन्थी ५:१४)। जब हामीले नयाँ आत्मा पाउँछौं तब हामीहरूको मूल्यमान्यता र जीवनको अर्थलाई परिवर्तन गर्नेछौं। हामीहरूले आफ्नै बलले जीउन चाहना गर्नेछैनौं। बरू पवित्र आत्माको नियन्त्रणमा रहेर चल्न रुचाउनेछौं (गलाती ३:३)।

हामीहरू आफ्नै इच्छा वा कसैले चाह्यो भन्दैमा परिवर्तन हुन सक्दैनौं। त्यो किनभने हामीहरू आफैमा आफूलाई परिवर्तन गरेर परमेश्वरको चाहना अनुसार चल्न वास्तविक शक्ति छैन। त्यो परिवर्तन हुन कोशिस गर्न पनि हामीहरूको पापी स्वभावले दिँदैन। त्यसकारण हामीहरूको जीवनलाई

परिवर्तन गर्ने शक्ति परमेश्वरबाट आउनुपर्छ। पवित्र आत्माको शक्तिले मात्र हामीहरूको हृदय र दिमागलाई परिवर्तन गर्न सकिन्छ। बाहिरी चरित्र वा नराम्रो आनिबानीहरू परिवर्तन भयो भन्दै मानिस इसाई बन्दैन। पवित्र आत्माले हामीहरूको हृदयलाई नयाँ बनाएमात्र हामी असली परिवर्तन हुन्छौं।

यो एकै छिनमा हुने पनि होइन किनभने परिवर्तन भन्ने काम जीवनभरको हुन्छ। त्यस परिवर्तित जीवन बिताउने काममा तलमाथि हुनसक्छ। तर यदि हामीहरूले हामीहरूको जीवन परमेश्वरलाई सुम्पियौं भने उहाँले परिवर्तन गर्ने काम गर्नुहुनेछ भनेर उहाँले प्रतिज्ञा गर्नुभएको छ। फिलिप्पीहरूलाई १:६मा भन्दछ, "तिमीहरूको जीवनमा परमेश्वरले असल काम सुरू गर्नुभएको छ। मलाई निश्चय छ कि त्यो काम पूरा नहुञ्जेल उहाँले तपाईंहरूको जीवनमा काम जारि राख्नुहुनेछ। त्यो त्यसबेला सम्पन्न हुनेछ जब येशू ख्रीष्ट यस संसारमा फर्केर आउनुहुन्छ।" (रूपान्तरित)।

तपाईंको जीवनको कुन् भागमा तपाईंको स्वार्थलाई तपाईंले पोषाइहरनुभएको छ? तपाईंको जीवनको कुन् भाग छ जसमा पवित्र आत्माले काम गरिरहनुभएको अनुभव गर्नुभएको छ? तपाईंको जवाफले तपाईंको बारेमा के भन्छ र तपाईंले के निर्णय गर्नुपर्छ भनेर देखाउँछ?

## उपसंहारः

थप जानकारीः हामी सबैले मेरो जीवन वा शरीर मेरै हो म आफै बसमा राख्छु भन्ने चाहना गर्छौं। हामीहरूले प्रायजसो हामीहरूको आफ्नै प्रयासमा भर परेर सफलता हासिल गर्न चाहन्छौं। साँच्चिकै भनौं भने धेरै मानिसहरू आफूले आफूलाई नियन्त्रण गर्न आफ्नो जीवन बिताउन खोजिरहेको हुन्छ। अरू कतिलेचाहीं मैले आफूलाई नियन्त्रणमा राख्न सकिँन भनेर अस्वस्थ डरको पकडमा पनि रहेको पाइन्छ। यो मानविय समस्याको समाधान केवल परमेश्वरमामात्र पाउँछौं। यो किनभने उहाँ हाम्रो सृष्टिकर्ता र उद्धारकर्ता हुनुहुन्छ। हामीहरूको जीवन उहाँमा पूर्णरूपमा समर्पित होस् भन्ने उहाँ चाहनुहुन्छ। उहाँले जस्तो हामीलाई कसैले पनि चिन्दैन र माया गर्दैन।

हामीमा परमेश्वरको प्रेम भएकै कारण हामीहरूको जीवनमा उहाँले काम गर्न ढोका खुलेको हुन्छ। जब हामीहरूको हृदय र दिमागलाई परमेश्वरको पवित्र आत्माको नियन्त्रणमा राख्छौं तब हामीमा परमेश्वरको शान्ति रहन्छ। यदि हामी उहाँको चाहना अनुसार चल्यौं भने अरूको निम्ति

आशिषित हुन वा असल हुने काममा खटिन उहाँले हामीलाई धेरै अवसरहरू दिनुहुनेछ। तर पवित्र आत्माको शक्तिको चाहना हामीहरूको जीवनमा हुन हामीले चाहना गर्नु आवश्यक छ। हामीहरूको चाहना बिरुद्ध परमेश्वरले उहाँको चाहनालाई जबरजस्ती हामीलाई लाद्नुहुन्न। परमेश्वरलाई विश्वास गर्ने वा नगर्ने, उहाँको चाहना अनुसार चल्ने वा नचल्ने, उहाँबाट टाढा नै रहेर बस्ने वा नबस्ने आत्मनिर्णयको अधिकार वा विवेकको स्वतन्त्रता प्रत्येक व्यक्तिलाई प्रदान गरिएको छ (यसमा भाग्यको खेल भन्ने शब्द हुँदैन)।

मानौं हामी येशू ख्रीष्टमा सच्चारूपमा स्वतन्त्र हुन चाहन्छौं रे। तब हामीले जानिजानि गरिरहेका पापलाई पोषाउने कामबाट हट्नुपर्छ। पवित्र आत्माको शक्तिले हामी भरिपूर होउँ भनेर हामी चाहना गर्नैपर्छ। यदि हामी पक्का रूपमा स्वतन्त्र हुन चाहन्छौं भने हामीहरूको जीवनलाई पवित्र आत्माको नियन्त्रणमा छोड्नैपर्छ। हामीहरूको स्वतन्त्रता वा मुक्ति भनेकै पापको पकडबाट अलग हुनु हो (त्यो पनि मरेपछि होइन अहिले नै गर्ने अनुभव हो)। किनभने पापले हामीलाई जहिले पनि दास बनाउँछ। उसको दासत्वमा रहनुभनेको अनन्त मृत्यु वा अनन्त जीवनमा हामीहरूको अस्तित्वलाई मेटाउनु हो। त्यसकारण हामी परमेश्वरलाई सुम्पिनै पर्छ। हामीहरूको जीवनमा पवित्र आत्मा आउन दिनै पर्छ।

जब हामी परमेश्वरलाई आफ्नो जीवनलाई सुम्पन्छौं तब हामी परमेश्वरको न्यायमा हुनु आवश्यक हुँदैन (रोमी ८:१)। हामी यस्तो जीवन बिताउनेछौं कि हामीहरूको पापी स्वभावले हामीहरूलाई बसमा राख्न नसक्ने हुन्छ। अब हामीहरूले हामीहरूको जीवन होइन पवित्र आत्माले हामीहरूको जीवनलाई नियन्त्रणमा राख्नुहुन्छ (रोमी ८:४ रूपान्तरित)। यस खालको पापबाट पाउने स्वतन्त्रता परमेश्वरको आत्माद्वारा नै हुन्छ। हामी पापीहरूले थाहा पाउन सक्ने सच्चा स्वतन्त्रता त्यही मात्र हो। (राजनिति उथलपुथल भयो भन्दैमा मानिस स्वतन्त्र हुन्छ भन्ने छैन-अनुवादकको मनतव्य)।

**चिन्तनमनन:**

१. कतिले भन्छन् कि स्वतन्त्र हुनुभनेको जे चाहन्छ सो गर्ने अधिकार पाउनु, मनलागेको जे चाहन्छ सो जहिले चाहन्छ सो गर्नु र  जस्तो मनलाग्यो त्यसै गर्नु हो। येशूभक्तिको दृष्टिकोणमा त्यो धारणा किन गलत छ? सही स्वतन्त्र

भनेको बाइबल अनुसार के हो? हेर्नुहोस्, भजन ११९:४५ “म पूरा स्वतन्त्र भएर जिउनेछु किनभने म तपाईंका शिक्षाहरू मान्ने कोशिशमा रहँदछु।", लूका ४:१८,१९ “१८ प्रभु परमेश्वरले आफ्ना आत्मा ममाथि खन्याउनुभएको छ, गरीबहरूलाई सुसमाचार सुनाउन उहाँले मलाई अभिषेक गरेर पठाउनुभएको छ। कैदीहरूलाई छुट्कारा दिन, अन्धाहरूलाई देख्ने बनाउन, अत्याचारमा परेकाहरूलाई उठाउन १९ र आफ्ना जनहरूलाई मुक्ति दिने समय आएको छ भनी प्रचार गर्न प्रभु परमेश्वरले मलाई नै छान्नुभएको छ।", यूहन्ना ८:३४-३६ “३४ येशूले भन्नुभयो "साँच्चै, म तिमीहरूलाई भन्छु, पाप गर्नेचाहिँ पापको कमारा हो। ३५ अब कमारा त सधैँभरि घर-जहानको हुँदैन, तर घरको छोराचाहिँ सधैँभरि घर-जहानको हुन्छ। ३६ त्यसै गरी परमेश्वरको पुत्रले तिमीहरूलाई छुट्कारा दियौ भने तिमीहरूले साँच्चै छुट्कारा पाउनेछौ।", २ कोरन्थी ३:१७ “किनभने प्रभु आत्मा हुनुहुन्छ। प्रभुका आत्मा भएको ठाउँमा स्वतन्त्रता हुन्छ।" र गलाती ५:१ “ख्रीष्टले हामीलाई स्वतन्त्र गराउनुभएको हो। त्यसो हुँदा तिमीहरू स्वतन्त्र मानिस हौ अनि आफ्नो स्वतन्त्रता जोगाइराख। कहीं फेरि कमारो हुन नपरोस्।"

२. हामीहरूको स्वार्थ र हामीहरूको आफ्नै भाऊ खोज्ने प्रवृत्तिलाई पन्छाउन जरुरी छ। हामीहरूको जीवन परमेश्वरमा पूर्णरूपमा सुम्पनु जरुरी छ। अनि पवित्र आत्माले हामीहरूको जीवनद्वारा शक्तिशाली रूपमा काम गर्नसक्नुहुनेछ। यदि तपाईंले आफूलाई पन्छाएर बस्नुभयो भने के होला, सो कल्पना गर्नुहोस्। तपाईंले आफ्नो जीवनलाई पवित्र आत्माले काम गर्न दिन तपाईंले हृदय पूरा खुला गर्नुभयो भने के होला, सो कल्पना गर्नुहोस्। तपाईंको जीवनबाट परमेश्वरले के गर्न सक्नुहुन्छ सो सोच्नुहोस्। त्यसले गर्दा अरूको निम्ति तपाईं कस्तो आशिषमय हुने छ सो बिचार गर्नुहोस्।

३ "येशूभक्तको जीवन कुनै पुरानो जीवनशैलीलाई अलिकति परिवर्तन गर्नु होइन। बरू यो हृदय र दिमागलाई पूरा रूपमा परिवर्तन गर्नु हो। पाप र स्वार्थलाई मार्नुपर्छ। अनि परमेश्वरले हामीलाई पूर्णरूपमा नयाँ जीवन दिनुहुनेछ। यो परिवर्तन केवल पवित्र आत्माको शक्तिले मात्र हुनसक्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. १७२बाट रूपान्तरित। यस बिचारको बारेमा चिन्तन गर्नुहोस्।

४. स्वार्थी जीवन र पवित्र आत्माले भरिएको जीवन भएको मानिसलाई तुलना गर्नुहोस्। यदि इसाई हुँ भनेर दावी गर्ने सबै पवित्र आत्माले भरिएको जीवन बिताएको भए सबै क्षेत्रहरूमा कस्तो आशिषमय होला?